म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९७ आइतबार २ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 17 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाका करअधिकृत तिमल्सिना उत्कृष्ट ठहरिए

हेटौंडा, १ मंसिर/कर दिवसको अबसरमा आन्तरिक राजस्व विभागले आन्तरिक राजस्व कार्यालय हेटौंडाका करअधिकृत प्रेमप्रसाद तिमल्सिनालाई उत्कृष्ट कर्मचारी ठहराएको छ । विभागले उत्कृष्ट काम गर्ने कर कार्यालय तथा करप्रशासकलाई कर दिवसको अबसरमा सम्मान गरेको थियो । सरकारले मूल्य अभिवृद्धि कर ऐन २०५२ लागु भएको दिन २०५४ मंसिर १ को आधारमा २०६९ सालदेखि कर दिवस मनाउदै आएको छ । यस अवसरमा उत्कृष्ट काम गर्न तीनवटा कर कार्यालय र १० जना कर्मचारीलाई सम्मान गरिएको हो । उत्कृष्ट कर कार्यालयमा करदाता सेवा कार्यालय तौलिहवा, करतादा सेवा कार्यालय खोटाङ र करदाता सेवा कार्यालय स्याङ्जा छन् । उत्कष्ट १० कर्मचारीमा करअधिकृत जीवनाथ ज्ञवाली, विभागका शाखाअधिकृत धर्मबहादुर रोकाय, शाखाअधिकृत सुवर्ण कोइराला, शाखाअधिकृत कुन्तमाया गुरुङ, विभागका कम्प्युटर इन्जिनियर संजय सिंह, हेटौंडाका करअधिकृत तिमल्सिना, करअधिकृत हेरम्वराज न्यौपाने, गंगाकुमारी हरिजन, रामप्रसाद रेग्मी र सञ्जय हाङिखिङ सम्मानित भएका हुन् ।

# तथ्यांकबिहीन प्रदेश सरकार, संघीय सरकारमै निर्भर

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ असोज दोस्रो साताको अविरल वर्षाका कारण आएको भिषण बाढीपहिरोले सबैभन्दा धेरै क्षति बागमती प्रदेशमा गरेको थियो ।

बाढीका कारण बागमती प्रदेशको काभ्रे, ललितपुर, मकवानपुर, काठमाडौं, सिन्धुली, धादिङमा ठूलो जनधनको क्षति हुन पुग्यो । गृह मन्त्रालय मातहतको राष्ट्रिय आपत्तकालीन कार्यसञ्चालन केन्द्रको १० असोजदेखि २९ कार्तिकसम्म बागमती प्रदेशमा कुल २५० वटा विपदजन्य घटना भएको तथ्यांक छ । विपद्बाट ५ हजार ३ सय ३२ परिवार प्रभावित हुँदा २२० जनाको मृत्यु, १४ जना बेपत्ता, १६९ जना घाइते छन् ।



यो तथ्यांक राष्ट्रिय आपत्तकालीन कार्यसञ्चालन केन्द्रबाट सापटी लिएर प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराएको हो । मन्त्रालयसँग आफ्नै पहलमा संकलन गरिएको तथ्यांक नै छैन । घटनाको करिब डेढ महिना बितिसक्दा पनि प्रदेशका १३ जिल्लामा भएका जनधनको यकिन विवरण मन्त्रालयसँग उपलब्ध नभएको हो । जिल्लास्थित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा पठाएको तथ्यांककै भरपर्नु परेको मन्त्रालयको विपद् व्यवस्थापन शाखाप्रमुख रबिता कार्की बताउँछिन् ।

मन्त्रालय मातहतका सबै जिल्लामा कार्यालय नहुँदा तथ्यांक संकलन गर्न नसकिएको उनले बताइन् । कानुन मन्त्रालयकै कार्यालय नभए पनि प्रदेशका १३ जिल्लामा प्रदेश सरकार मातहतका खानेपानी तथा पूर्वाधार हेर्ने कार्यालय भने छन् । मन्त्रालयकी प्रवक्तासमेत रहेकी कानुन उपसचिव मनुका घिमिरेले प्रहरीको तथ्यांकमा भर पर्नुपरेको बताइन् । मन्त्रालयले पत्राचार गरेर तथ्यांक उपलब्ध गराइदिन अनुरोध गर्दा पनि स्थानीय तह र प्रशासन कार्यलयले तथ्यांक नै नदिएको घिमिरेले बताएकी छन् । सरकारले तथ्यांक माग्दा उपलब्ध नगराउने निकायलाई कारबाही गर्ने कानुनी व्यवस्था नभएकाले समस्या आइरहेको घिमिरेले बताइन् ।

कानुन मन्त्रालयले २० असोजमा सबै जिल्ला प्रशासन कार्यालयलाई जिल्ला व्यवस्थापन समितिमा स्थानीय तहबाट पठाइएको तथ्यांक उपलब्ध गराइदिन पत्राचार गरेको विपद् शाखाप्रमुख कार्कीले जानकारी दिइन् । उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरको पनि तथ्यांक पठाइदिन प्रदेश आपत्तकालीन केन्द्रलाई पत्राचार गरिएको थियो । तर, मन्त्रालयसँग विपद्को तथ्यांक प्राप्त भएको छैन । विपद् शाखाका अनुसार मन्त्रालयलाई धादिङ जिल्ला प्रशासनबाट १८ असोजमा र दोलखाबाट १७ असोजमा विपद्को प्रराम्भिक तथ्यांक प्राप्त भएको थियो । कानुन मन्त्रालयकै सामुन्ने रहेको मकवानपुरको जिल्ला प्रशासनबाट पनि तथ्यांक उपलब्ध नभएको कार्कीले बताइन् ।

'त्यही कार्यालयले संघीय सरकारलाई पठाउँछ तर, हामीलाई पठाउँदैन । हाम्रो जिल्लामा कार्यालय छैन, प्रशासन कार्यालयलाई पत्र लेखेर भन्दा पनि पठाउँदैनन्, कार्कीले सुनाइन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले गृह मन्त्रालयमा विपद्को तथ्यांक पठाइसकिएको जानकारी दिए । जिल्लामा विपद्बाट ठूलो जनधनको क्षति हुँदा पनि प्रदेश सरकारले उद्दार र राहतमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भन्दै ब्यापक रुपमा आलोचना भइरहेको छ ।

तथ्यांकविहीन सरकारले विपद्को क्षति न्यूनीकरणमा खेल्नुपर्ने नीतिगत भूमिकाप्रति शंका उब्जिएको छ । जलवायु परिवर्तनको असर न्यूनीकरणमा प्रदेश सरकारले काम गर्न नसक्दा विपदजन्य घटनाको सामना गर्नुपरिरहेको सरोकारवाला बताउँछन् । तथ्यांकसमेत संकलन गर्न नसक्ने प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्नेमा उनीहरुको आशंका छ । जलवायु परिवर्तनको असर न्यूनीकरणमा बजेट व्यवस्था गरेपनि प्रदेशमा कार्यालय र वातावरण हेर्ने कर्मचारीको व्यवस्थापन सरकारले गर्न नसकेको बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समिति सभापति आनन्दकुमार श्रेष्ठले बताए ।

जलवायु परिवर्तनको रोकथाम र न्यूनीकरणका लागि तीन तहका सरकारबीच समन्वय अभाव भएको र स्थानीय तहले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न नसकेको उनको भनाई छ । प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव गरिब र विपन्नवर्गलाई परेको भन्दै उनले जलवायु परिवर्तनको न्यूनीकरणबाट यसको समाधान निकाल्नुको उपाय नभएको बताए । बागमती प्रदेशसभा सदस्य तथा पूर्वसामाजिक विकासमन्त्री कुमारी मोक्तानले बागमती प्रदेशमा जलवायु परिवर्तन लक्षित कानुन बन्न नसकेकोमा चिन्ता व्यक्त गरिन् ।

# मकवानपुरका ४५ हजार जना स्वास्थ्यबीमामा आबद्ध




साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ सरकारले सञ्चालन गरेको स्वास्थ्यबीमा कार्यक्रममा मकवानपुरका ४४ हजार नौ सय ६१ जना आबद्ध भएका छन् । गत २०७४ भदौ १ गतेदेखि स्वास्थ्यबीमा कार्यक्रम लागू भएयता हालसम्म मकवानपुरको ८६ हजार दुई सय ७९ घरमध्ये ४४ हजार नौ सय ६१ बीमामा आबद्ध भएको स्वास्थ्यबीमा बोर्ड हेटौंडा मकवानपुरका प्रमुख नरबहादुर खड्काले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा बढी मकवानपुरको मनहरी गाउँपालिकामा ८० प्रतिशतले स्वास्थ्यबीमा गराएका छन् भने सबैभन्दा कम बागमती गाउँपालिकामा १२ प्रतिशत घरले मात्र स्वास्थ्यबीमा गराएका छन् । मनहरी गाउँपालिकामा सात हजार एक सय ३१, हेटौंडा उपमहानगरपालिकामा २४ हजार आठ सय ३४, मकवानपुरगढी गाउँपालिकामा दुई हजार तीन सय ६६, थाहा नगरपालिकामा तीन हजार एक सय २५, भीमफेदी गाउँपालिकामा एक हजार छ सय ४२, कैलाश गाउँपालिकामा एक हजार चार सय ४९, बकैया गाउँपालिकामा दुई हजार ५६, इन्द्रसरोवर गाउँपालिकामा सात सय १५, राक्सिराङ गाउँपालिकामा नौ सय ५३ र बागमती गाउँपालिकामा छ सय ८३ को स्वास्थ्यबीमा भएको प्रमुख खड्काले बताए ।

कार्यालयमा बीमादर्ताका लागि थप आवेदनहरु आइसकेको र ती सबै आवेदन दर्ताको तयारी भइरहेको प्रमुख खड्काले बताए । मकवानपुरमा स्वास्थ्यबीमा कार्यक्रम लागू भएपछि स्वास्थ्यबीमा बोर्डले जिल्लाको सम्पूर्ण स्थानीय तहका वडामा सहजकर्तामार्फत् प्रचारप्रसारसँगै बीमितहरुको नाम दर्ताको कार्य गर्दै आएको छ ।

स्वास्थ्यबीमा कार्यक्रममा आबद्ध भएकाहरुले जिल्लाको आठवटा स्वास्थ्यसंस्थाबाट स्वास्थ्यसेवा लिने गरेका छन् । प्रमुख खड्काका अनुसार स्वास्थ्यबीमामा जोडिएकाहरुलाई मकवानपुरको हेटौंडा अस्पताल, मनहरी आधारभूत अस्पताल, हेटौंडा सामुदायिक आँखा अस्पताल, पालुङ प्राथमिक स्वास्थ्यकेन्द्र, भीमफेदी प्राथमिक स्वास्थ्यकेन्द्र, बकैया आधारभूत अस्पताल, राक्सिराङ आधारभूत र सिएमसी चुरेहिल अस्पताल प्रालि हेटौंडाले स्वास्थ्यसेवा प्रदान गर्दै आएका छन् ।

प्रत्येक वडामा एक/एक जना सहजकर्ता परिचालन गरी बीमाको महत्व, यसको प्रक्रिया र बीमा कार्यक्रमबाट प्राप्त हुने सुविधाका बारेमा प्रचारप्रसार गर्नुका साथै बीमा गराउनेहरुको नाम दर्ताको कार्य भइरहेको प्रमुख खड्काले बताए । सहजकर्तामार्फत दर्ता भएको बीमितहरुको नामलाई प्रत्येक तीन/तीन महिनामा कम्प्युटरमा दर्ता गर्ने गरिएको र अहिले नाम दर्ता हुने बीमितहरुले बीमा सेवा पाउने गरेको उनको भनाइ छ ।

पाँच जनाको परिवारले वार्षिकरुपमा प्रतिपरिवारले तीन हजार पाँच सय रुपैयाँको प्रिमियम तिरे स्वास्थ्य उपचारबापत वार्षिक एक लाख रुपैयाँसम्मको स्वास्थ्यबीमा पाइने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएमा प्रति थप सदस्यले वार्षिक सात सय रुपैयाँका दरले थप प्रमियम तिर्नुपर्ने र सुविधा थैलीमा २० हजार थपिने जनाएको छ ।

# न्यौपानेले जिते जेसीज दौडको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ चैनपुर जेसीज मनहरीको जेसीज सप्ताहअन्तर्गत शनिबार भएको जेसीज दौड प्रतियोगिताको उपाधि दीपेन्द्र न्यौपानेले जितेका छन् ।

१८ सहभागीलाई उछिन्दै न्यौपानेले उपाधि जितेका हुन् । दौडमा अनिष प्रजा दोस्रो, विजय स्याङ्बो तेस्रो र अजित मोक्तान सान्त्वना भए । दौडको विजेतालाई मंसिर ३ गते हुने जेसीज सप्ताह तथा फुटबल प्रतियोगिताको समापनमा पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

कार्यक्रम संयोजक राजकुमार तिमल्सिनाको संयोजकत्व एवम् चैनपुर जेसीज मनहरीका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो ।

थापाले जेसीजले मनहरी क्षेत्रमा खेलकुद, सचेतनामुलक कार्यक्रमसहित विभिन्न गतिविधि गरिरहेकोप्रति खुशी व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्ने बताए ।

मनहरी-४ कै मुख्य प्रायोजनमा गोलघर खेलमैदानमा खुला फुटबल प्रतियोगिता भइरहेको छ । कार्यक्रममा लामिटार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रघुनाथ खतिवडा, जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पशुपतिनाथ माविका शिक्षक ईश्वर रिजाल, नवज्योति प्राविका शिक्षक नवीन रेग्मी लगायतको आतिथ्यता रहेको थियो । जेसीजले फुटबलसँगै जेसीज सप्ताह आयोजना गरिरहेको छ ।

# आजबाट निर्वाचन आचारसंहिता लागू

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ स्थानीय तह उपनिर्वाचनका लागि आज आइतबारदेखि निर्वाचन आचार संहिता लागू हुने भएको छ । १६ मंसिरमा उपनिर्वाचन हुँदैछ ।



मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ मा उपनिर्वाचन हुन लागेको छ । उपनिर्वाचनका लागि आधा दर्जन बढी राजनीतिक दलले उम्मेदवार खडा गरेका छन् । निर्वाचन आयोगको शनिबार बसेको बैठकले आइतबारदेखि उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पदधारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय गरेको आयोगकी सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।

आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, संघीय सरकार वा प्रदेश सरकारका निकाय र पदाधिकारी, स्थानीय कार्यपालिका र त्यसका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षानिकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ ।

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृसंगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्ध सरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजीक्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्नेछ ।

आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ । 'निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवम् नैतिक बन्धन भएकाले यसको सम्पूर्णरुपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्ने कार्यमा सबैको सहयोग हुनेमा आयोग विश्वस्त छ', प्रवक्ता पोखरेलले भनिन् ।

आचारसंहिता विपरीतका काम भए/गरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ । यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयनपत्र दर्ता हुँदैछ । बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने आयोगले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# बागमती सरकारको निरिहता

कुनैपनि निश्चित स्थानको लामो समयसम्मको औसत मौसमी अवस्थामा दीर्घकालीन परिवर्तन आउनुलाई जलवायु परिवर्तन भनिन्छ । पछिल्लो वर्षमा औसत मौसमी अवस्थामा आएको परिर्वतनले बागमती प्रदेशमा विपदजन्य घटनामा वृद्धि भइरहेको छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र रोकथाममा बागमती प्रदेश सरकार 'बेकामे' बनेको आरोप लागेको छ । जलवायु परिवर्तनको असरबाट उत्पन्न विपदजन्यलगायत घटना बढिरहँदा पनि प्रदेश सरकार त्यसको न्यूनीकरण र रोकथाममा अगाडि नबढेको सरोकारवालाले गुनासो गरेका छन् । संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)को सहकार्यमा जनपत्र मिडिया प्रालिद्वारा आरोजित जलवायु परिवर्तका कारण बागमती प्रदेशमा परेको असरबारे अन्तरक्रियामा सहभागीले प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्न नसकेको बताएका हुन् । गत असोजको बाढीपहिरोले बागमती प्रदेशका मकवानपुर, काभ्रे, ललितपुर, काठमाडौं, सिन्धुलीलगायत जिल्लामा धेरै क्षति पुर्‍यायो । यी जिल्लामा ठूलो जनधनको क्षति हुँदा पनि प्रदेश सरकारले उद्दार र राहतमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको सरोकारवालाले गुनासो गरेका छन् ।

विपदबाट कुल २५० वटा घटना भएकोमा ५ हजार ३ सय ३२ परिवार प्रभावित बनेको थियो । २२० जनाको मृत्यु, १४ जना बेपत्ता, १६९ जना घाइते, १ हजार ७ सय ९२ घरमा पूर्णक्षति भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । कानुन मन्त्रालयले यो तथ्यांक केन्द्रीय सरकारसँग सापटी लिएको हो । विपद् हेर्ने क्षेत्राधिकार भएको प्रदेशको कानुन मन्त्रालयसँग प्रदेशभर भएको क्षतिको पूर्ण विवरण छैन । तथ्यांकसमेत संकलन गर्न नसक्ने प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्छ भनेर सोच्न सकिने अवस्था नरहेको सरोकारवाला बताउँछन् । जलवायु परिवर्तनका कारण जीवन तथा जीविकोपार्जनमाथि नै खतरा पैदाभएको उनीहरुको गुनासो छ । बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समिति सभापति आनन्दकुमार श्रेष्ठ प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्न नसकेको बताए । प्रदेश सरकारसँग वातावरणक्षेत्र हेर्ने कार्यालय र कर्मचारीसमेत नभएको बताउँदै वातावरणक्षेत्रका जनशक्ति व्यवस्थापनका लागि समितिले सरकारलाई निर्देशन दिएको उनले बताए । जलवायु परिवर्तनको रोकथाम र न्यूनीकरणका लागि तीन तहका सरकारबीच समन्वय अभाव भएको र स्थानीय तहले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न नसकेको उनको भनाई छ । प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव गरिब र विपन्न वर्गलाई परेको भन्दै उनले जलवायु परिवर्तनको न्यूनीकरणबाट यसको समाधान निकाल्नुको उपाय नभएको धारणा राखे । बागमती प्रदेशसभा सदस्य तथा सामाजिक विकास पूर्वमन्त्री कुमारी मोक्तानले बागमती प्रदेशमा जलवायु परिवर्तन लक्षित कानुन नै बन्न नसकेको बताइन् ।

वातावरणक्षेत्रका विज्ञता, कार्यालय नै प्रदेशमा नरहेको उनको भनाई छ । कृषिक्षेत्रको उत्पादन घटेकाले जलवायु परिवर्तनबाट भयावहको स्थिति उत्पन्न भएको, विषादिको प्रयोगका कारण कृषिउत्पादन धेरै हुने क्षेत्रका किसानमा क्यान्सर रोग लागेको मोक्तानले बताइन् । जलवायु परिवर्तनका असरसँगै मानवीय त्रुटीलाई सँगैसँगै रोकथामको नीति लिएर राज्य अगाडि बढ्नु पर्छ । बागमती प्रदेशमा जलवायु परिवर्तनको असर डरलाग्दो रुपमा रहेको छ । बागमती प्रदेशलाई हरित प्रदेश घोषणा गर्ने सरकारको घोषणा कागजमै सीमित बनेको, जलवायु परिवर्तनको असर न्यूनीकरणका क्षेत्रमा काम गर्न नसकेको र बिनियोजित बजेट परिचालनमा पनि कमजोर देखिएको आरोप छ । धुँवा, धूलो, ग्यास र प्लाष्टिकजन्यपदार्थको प्रयोग घटाएर जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि सहरमा मात्रै केन्द्रित नगरी ग्रामीणक्षेत्रमा पनि क्रियाकलाप गनुपर्ने माग सरोकारवालाको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ३ गते सोमबार १८ नोभेम्बर २०२४ । तृतीया, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:२८, सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# बिग्रियो नेपालको राजनीतिक वातावरण



श्यामप्रसाद मैनाली

नेपालको राजनीति लामो समयदेखि कहिल्यै अन्त्य नहुने संक्रमणकाल र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको स्थिति छ । विगत ३५ वर्षको अवधिमा नेपालमा भएको बहुदलीय शासन प्रणालीको कार्यान्वयन हुँदै गर्दा र संविधान आएको नौ वर्ष बितिसक्दा पनि यो समस्याबाट उन्मुक्ति प्राप्त गर्न सकेको छैन । नेपालको संक्रमणकाल पञ्चायती शासन प्रणालीमा पनि देखिएको थियो । यस अर्थमा यो संक्रमणकाल कहिल्यै अन्त्य नहुने अवस्था देखिँदै छ । किनकि संक्रमणकाल अन्त्य गर्ने लक्षणहरू राजनीतिक प्रणाली र यसको अभ्यासमा अनुभूति गर्न सकिएको छैन । देशले अवलम्बन गरेको राजनीतिक प्रणाली लोकतान्त्रिक छ । तथापि यसका अभ्यासकर्ताहरू अत्यन्त तानाशाह हुँदै गएका छन् । आर्थिक अवस्था दिन-प्रतिदिन कमजोर हुँदै गएको छ ।

सर्वसाधारण जनताले आफ्ना जनप्रतिनिधिप्रति विश्वास गर्न सकेका छैनन् । लोकतान्त्रिक शासन प्रणालीमा देखिएका राजनीतिक पात्र र शासकहरूको गलत प्रवृत्तिका कारण लोकतन्त्रको सुदृढीकरण र राष्ट्रिय समुन्नतिको सन्दर्भ संकटमा पर्दै गएको छ । दलगत, समूहगत र व्यक्तिगत स्वार्थका कारण बन्ने गरेको अपवित्र गठबन्धनले राजनीतिक सिद्धान्तविहीन अवस्था सिर्जना गरेको छ । यसको परिणाम देशमा राजनीतिक अस्थिरता छ । कानुनी शासनविहीन अवस्था देखिन्छ । सबै प्रकारका असमानता विद्यमान छन् । राज्यका अंगहरू बिस्तारै हुलबाट निर्देशित हुँदै गएका छन् । सरकार आफैं विभिन्न विषयगत माफियाहरूको चंगुलमा नराम्रोसँग फस्दै यो चक्रव्यूहबाट बाहिर निस्किन नसक्ने अवस्थामा पुगिराखेको छ । यी सबै अवस्थाको परिणतिका रूपमा सार्वजनिक सेवा प्रवाह अत्यन्त नराम्रोसँग प्रभावित भइराखेको छ । यसबाट नेपाली नागरिकहरू पीडामा बाँचिराखेका छन् ।

वर्तमान संविधानमा देखिएका धेरै प्रकारका कमी-कमजोरीमध्ये समानुपातिक निर्वाचन प्रणालीसहित समेटेर कायम रहेको मिश्रित निर्वाचन प्रणाली आफैंमा समस्यामूलक देखिँदै आएको छ । यसमा राजनीतिक दलहरूका नेतृत्व तहमा रहेकाहरूले सामानुपातिक प्रणालीमा मानिसहरू छनोट गर्ने गलत अभ्यास प्रारम्भ भएको छ । यसमा नीति तय गरी यसका आधारमा लामो समय लोकतन्त्र र राष्ट्रिय उत्थानका लागि योगदान गरेका व्यक्तिहरूको मूल्याङ्कन गर्ने परिपाटी बसाउन सकिएको छैन । यसले गर्दा इमानदार नेता तथा कार्यकर्ताहरू छायामा परिराखेका छन् ।

राजनीतिक प्रणालीहरूप्रति उनीहरूको धारणा आफ्नै नेतृत्वको गलत अभ्यासका कारणले नकारात्मक बनिराखेको छ । समानुपातिक प्रतिनिधित्व प्रणालीले राखेको उद्देश्य भनेकै सबै प्रकारले कमजोर वर्ग, क्षेत्र, सीमान्तकृत समूह, पछि परेको जातजाति आदिलाई न्याय प्रदान गर्नु हो । राज्यका नीति निर्धारण र निर्णय प्रक्रियामा सहभागी बनाउने हो । तर नेतृत्व तहले आफ्नो कृपामा मात्र टिकट दिने प्रचलनले गर्दा यसबाट यस व्यवस्थाबाट लाभन्वित हुने भनेका समाजका लक्षित वर्गका तरमाराहरू मात्र देखिएका छन् । यसले राजनीतिक दल र लोकतन्त्रको सर्वमान्य मूल्य र मान्यतामाथि अतिक्रमण गरिराखेको अवस्था छ । निष्ठावान्, इमानदार, चरित्रवान् व्यक्तिहरू सधैं अवसरविहीन बनिराखेका छन् । यस अवस्थामा सिद्धान्तमा आधारित भएर राजनीति हुन छोडेको छ । ताबेदारी र भक्तिभावमा मात्रै नेपालको राजनीति अघि बढिराखेको अवस्था छ । यस अवस्थालाई सुधार गर्न सक्ने आवाजलाई राजनीतिक दलहरूमा स्थान दिइने गरिंदैन ।

यिनै भक्तहरुले देशको समुन्नति र लोकतन्त्रको संस्थागत विकासको महत्वपूर्ण पक्षलाई नेतृत्व तहको आशय र निर्देशनका आधारमा निर्णय लिने गरिराखेकाले सरकार विघटन र गठन हुने विषय अत्यन्त सामान्य बनिराखेको छ । बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा दलीय सिद्धान्त र यसको पार्टी घोषणापत्रका आधारमा राजनीति पूर्णरुपमा अघि बढ्न नसकेको स्थिति छ । देश संघीयतामा गइसकेपछि सरकारको दिगोपनामा अझै ज्यादा प्रश्नचिह्न खडा भएको छ । उदाहरणका लागि प्रदेश सरकारहरू हरेक महिनाजस्तो परिवर्तन भइराखेका छन् । यसले राजनीतिक अस्थिरतालाई बढावा दिने काम गरिराखेको छ । नेपालको संविधानको विशेषताहरूमध्ये जनताले गरेको अपेक्षा र संविधानले गरेको परिकल्पना एउटै थियो- अब नेपालमा राजनीतिक स्थिरताका साथै आर्थिक समुन्नतिको दिशामा पनि देश अघि बढ्नेछ । तर यो आठ वर्षको संविधानको अभ्यासबाट यी कुराहरु प्राप्त गर्न सकिएको छैन ।

भविष्यमा आर्थिक समुन्नतिको दिशामा देश अघि बढ्ने र राजनीतिक स्थिरता प्राप्त गर्ने अनुभूति हुन सकेको छैन । वास्तवमा यी दिशामा वर्तमान समयका राजनीतिज्ञहरु प्राय: असफल भइसकेका छन् । कतिपय नागरिकलाई आफ्नो दैनिकीको गुजारा गर्न पनि अत्यन्त कठिन भएको छ । गरिबीका कारण र रोजगारीका अवसर प्राय: नगन्य भएकाले नेपालका युवाहरू वैदेशिक रोजगारीमा गइराखेको अवस्था छ । कानुनको शासनजस्तो लोकतन्त्रको मेरुदण्डमै क्रमश: समझदारी हुँदै आएको छ । कानुनी असमानताका कारण देश पछि पर्दै गएको छ । विश्व परिवेशमा हेर्ने हो भने नेपालको अर्थव्यवस्था अत्यन्त कमजोर हुँदै आएको छ । यी सबै कारणले गर्दा नेपालका नागरिकहरूमा अत्यन्त ठूलो निराशाको अवस्था सिर्जना भएको छ ।

देशको राजनीतिक र आर्थिक अवस्थालाई नजिकबाट अध्ययन गर्दा देशमा ठूलै संकटको अवस्था आइपर्ने सुनिश्चित छ । जनताले पटक-पटक लोकतन्त्रको बहाली र पुनर्बहालीमा आफ्ना सन्ततिहरूलाई बलिवेदीमा चढाइरहँदा पनि जनताले चाहेको संविधान आजसम्म देशले प्राप्त गर्न सकेको छैन । सातौं संविधानको रुपमा वर्तमान संविधान पनि राजनीतिक दलहरुका बीच समझदारीका आधारमा आएको संविधान हो । जनताले नै बनाएको संविधान होइन । यो संविधानलाई जनताले पूर्णरूपमा स्वामित्व ग्रहण गर्न सकेका छैनन् । यस संविधानमा केही गम्भीर कमी-कमजोरीहरू देखिएका छन् । लोकतन्त्रको सबैभन्दा ठूलो र महत्वपूर्ण प्रावधान भनेकै शक्ति पृथकीकरण र सन्तुलन हो ।

नेपालको संविधानले सिद्धान्तत: यो मूल्य-मान्यतालाई स्वीकार गरेको भनिए तापनि संवैधानिक प्रावधानहरूको अध्ययन गर्दा न्यायपालिकालाई कमजोर बनाई कार्यपालिका र व्यवस्थापिकाको महत्व र भूमिका बढाउने काम भएको छ । समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित भई आउने व्यक्तिहरू विशुद्ध राजनीतिक दलका शीर्षस्थहरूका नजिकका आसेपासेहरुले मात्र अवसर पाएका छन् । त्यसैले यसबाट संसद्मा उपस्थिति दिएकाहरुलाई नेपाली जनताले स्वीकार गर्न सकेका छैनन् ।

अर्को तर्फ न्यायपालिकामा न्यायाधीशहरूलाई नियुक्ति गर्ने निकाय संवैधानिक परिषद् र न्यायपरिषद्मा राजनीतिक पदाधिकारीहरूको बाहुल्यता छ । राजनीतिक कृपाका आधारमा मात्र अत्यधिक न्यायाधीशहरू नियुक्ति भइराखेका छन् । न्यायको ढोका घचघच्याउन पुगेका पीडितहरूको जम्काभेट अदालतमा राजनीतिक कार्यकर्ता र राजनीतिक दलका शीर्षहरूको झोलेहरूसँग हुन पुग्दछ ।

संसदीय सुनवाइका नाममा न्यायाधीशहरु माथि अंकुश लगाउने, नियन्त्रण गर्ने काम व्यवस्थापिकाले गरिराखेको छ । संसदीय शासन प्रणाली लागू भएका देशहरुमा यस प्रकारको संसदीय सुनुवाइ गर्नु जरुरी हुन्न । यो राष्ट्रपतीय प्रणाली अवलम्बन गरिरहेका देशहरूमा लागू गरिएको हुन्छ । यसको मूल्य-मान्यता भनेकै राष्ट्रपतिले आफ्नो स्वविवेकमा गलत मानिसहरूलाई सार्वजनिक जिम्मेवारीमा पुर्‍याउलान्, यसको परीक्षण संसद्ले गर्नुपर्छ भन्ने हो ।

हामीकहाँ संसदीय प्रणाली छ, संसदीय सुनुवाइलाई पनि हामीले प्राथमिकतामा राखेका छौं । नियुक्ति हुँदा पनि राजनीतिज्ञहरूकहाँ पुग्नै पर्ने र सर्वोच्च अदालतको न्यायाधीश एवं प्रधानन्यायाधीश हुँदा पनि संसदीय सुनवाइमार्फत राजनीतिज्ञहरुप्रति न्यायाधीशहरुले भक्तिभाव देखाउनुपर्ने यो अवस्थाबाट देश गुज्रिएको छ । शक्ति प्रिथकीकरण तथा सन्तुलन सिद्धान्तमा सीमित बन्दै गएको छ ।

यो लोकतन्त्रको लागि अत्यन्त नाजुक अवस्था हो । यस अर्थमा नेपालको वर्तमान संविधानलाई पूर्ण लोकतान्त्रिक संविधानको कोटीमा राख्न कठिन भइराखेको स्थिति छ । अहिले नेपालमा दुई सदन भएको संसदीय प्रणालीको कार्यान्वयन भइराखेको छ । बढी मत ल्याउने विजय हुने १६५ र समानुपातिक प्रणालीबाट ११० जना प्रतिनिधिहरु निर्वाचित भई जम्मा २७५ जनाको प्रतिनिधिसभा बनेको छ । यी प्रतिनिधिहरू पाँच वर्षको लागि निर्वाचित भएका हुन्छन् । प्रदेश संसद्मा ४४० सदस्यहरू प्रत्यक्ष निर्वाचित भएर आउने र २२० जना सांसदहरू संसदीय प्रप्सनल समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भई आउँछन् र प्रदेशसभाको गठन हुन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीबाट आउनेहरूमा देशका कमजोर पिछडिएको क्षेत्र, आदिवासी, महिला आदिलाई समेट्ने गरिएको छ ।

कानुनी प्रावधानअनुसार राष्ट्रिय सभामा ५० प्रतिशत सिट महिलाको लागि समानुपातिक प्रतिनिधित्व प्रणालीमा छुट्याउनुपर्ने अनिवार्य व्यवस्था छ । राजनीतिक दलहरुले जम्मा सदस्य संख्याको संघीय संसद्मा ३३ प्रतिशत सिट महिलाका लागि र आदिवासी जनजातिहरूका लागि छुट्याउनुपर्ने व्यवस्था गरिएको छ । समानुपातिकको ११० स्थानमध्ये ३१.२ प्रतिशत बाहुन-क्षत्री, २९.७ प्रतिशत आदिवासी, १५.३ प्रतिशत मधेसी, १३.८ प्रतिशत दलित, ६.६ प्रतिशत थारु र ४.४ प्रतिशत मुस्लिमका लागि छुट्याइएको छ । तर स्थानीय तहहरूमा समानुपातिक प्रतिनिधित्व प्रणालीका कुराहरू अलि भिन्न छ । संघीय र प्रदेशको जस्तै कानुनत: प्रतिशत छुट्याइएको अवस्था यो तहका सरकारहरूमा छैन । यो समानुपातिकको व्यवस्थाकै कारण हो ।

जसले गर्दा संघीय सरकार र प्रदेश सरकार अत्यन्त छिटोछिटो विघटन भइराखेका छन् । परिणामस्वरूप अहिलेको निर्वाचन प्रणालीअनुसार सामान्यतया कुनै पनि राजनीतिक दलले आरामदायी बहुमत पार्लियामेन्टमा पाउने अवस्था छैन । नेपालको मिश्रित निर्वाचन प्रणालीकै कारण दलहरूमा अत्यन्त छिटोछिटो एकले अर्को दललाई समर्थन गर्ने र समर्थन फिर्ता लिने काम भइराखेको छ ।

विभिन्न मुद्दाहरूमा स्वार्थ अनुकूल समर्थन र विरोध गर्ने परिपाटीमा अभ्यस्तता प्राप्त गरिराखेका छन् । स-साना दलहरुको सौदाबाजी गर्ने क्षमता अत्यन्त ज्यादा बढेको छ । विशेष गरी समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएर जानेहरूको सम्बन्ध विधान क्षेत्रहरूमा अत्यन्त कमजोर छ । राजनीतिक दलहरू यो संविधान रहेसम्मको अवधिमा मिलिजुली सरकार र अपवित्र सिद्धान्तविहीन गठबन्धनका आधारमा मात्र सरकार बनाउन बाध्य छन् । आरामदायी बहुमत प्राप्त राजनीतिक दलले राजनीतिक स्थिरता प्राप्त गर्दै नीतिगत कुराहरू र निर्णय लिँदाको अवस्थामा सहज वातावरण तयार हुन्छ । यसले निरन्तरता प्राप्त गर्दछ । परिणामस्वरूप उपलब्धि हासिल गर्न पनि सहज हुन्छ । तर हामीसँग त्यो अवस्था छैन । यो नै संविधानको सबैभन्दा कमजोर पक्ष हो ।

समानुपातिक प्रणालीमा मतदाताहरूले उम्मेदवारलाई होइन, पार्टीलाई मतदान गर्छन् । बढी मत ल्याउने विजयी हुने प्रत्यक्ष निर्वाचन प्रणालीबाट आएका जनप्रतिनिधिहरू तुलनात्मक रुपमा आफ्ना मतदाताहरूप्रति जवाफदेही रहन्छन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट विजय जनप्रतिनिधिहरूको तुलनामा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट विजय हुनेहरूले आफूलाई लघुताभास पालेर संसद्मा उपस्थिति जनाउने गर्दछन् ।

यसका अलावा व्यक्ति विशेषलाई जनताले मत दिने अवस्था नहुँदा उनीहरूको सीधा सम्पर्क मतदाताहरूसँग नहुने स्थिति बन्दछ । तर नेपालको संविधानले समानुपातिक प्रतिनिधित्व प्रणालीबाट पार्टीको कृपामा छानिएका जनप्रतिनिधिहरुले पनि देशको कार्यकारी प्रमुख बन्न पाउने अवस्था छ । यो स्थिति आउनु भनेको लोकतन्त्रको मूल्य-मान्यतामा प्रश्नचिह्न खडा हुनु हो । यसमा संविधानले कमजोर व्यवस्था गरेको छ ।

स्वतन्त्र उम्मेदवारहरूप्रति बिस्तारै मतदाताहरूको आकर्षण बढ्दै गएको छ । तर उनीहरुले समानुपातिक प्रतिनिधित्व प्रणालीको हिसाबले प्रतिनिधित्व गर्न पाउँदैनन् । यो यही कारणले गर्दा उनीहरूको संसद्मा उपस्थिति अत्यन्त कमजोर बन्दछ । कुनै राजनीतिक दलहरूसँग अन्तत: सदस्यता लिने परिस्थिति विश्व परिवेशमा देखिँदै गएको छ । राजनीतिक दलहरूका ठूला नेताहरू यदि जनतासँग घुलमिल हुन सकेनन् र उनीहरूको समर्थन लिन नसक्ने र विजयी हुन नसक्ने अवस्था देखिएमा समानुपातिक प्रतिनिधित्वको सहारा लिई सरकारको नेतृत्व लिन पुग्छन् ।

यस्तो कमजोर र दोषपूर्ण अवस्था पनि लोकतन्त्रमा भइराखेको छ । समानुपातिक प्रतिनिधिकै कारण सरकार र समग्र राजनीतिक प्रणालीलगायत नेपालको संविधान नै आलोचनामा पर्दै गएको छ । समानुपातिक प्रतिनिधित्व प्रणालीमा टिकट दिने अथवा छनोट गर्ने प्रक्रियामा धेरै प्रकारका अनियमिताहरू भएको, अप्रत्यक्ष डिलिङ भएको, स्रोत-साधन सम्पन्न व्यापारिक घरानाका व्यक्तिहरुसमेत सहजै सबै राजनीतिक दलहरूमा स्वागत पाइराखेको अवस्था छ । यसले गर्दा लामो समयदेखि त्याग-तपस्या गरेका, बलिदानी गरेका नेता-कार्यकर्ताहरूको केन्द्रीय नेतृत्व यस्ता व्यापारिक घरनाका धनीमानी तरमाराहरू बन्न पुग्छन् ।

यसले अत्यन्त ठूलो मात्रामा इमानदार व्यक्तिहरूको भावनामा ठेस लाग्दछ । यसलाई राजनीतिक दलहरुले महत्व दिएका छैनन् । संविधान बनाउँदैको अवस्थामा यो छिद्र जानी-जानी राखेका हुन् । विविधतामा एकतालाई चरितर्थ गर्न र नीति निर्माणमा राष्ट्रको स्रोत-साधनको विनियोजनमा सबै वर्ग, समूह, क्षेत्रका व्यक्तिहरूको सहभागिता सुनिश्चित होस् भन्ने पवित्र उद्देश्यले समानुपातिक प्रणाली स्वीकार गरिएको हो । तर यसले नीतिगत हिसाबमा पनि योगदान गर्न सकेको अवस्था छैन । सबैका आवाज, मागहरुलाई सम्बोधन गर्ने हिसाबले अघि बढ्न सकेको अवस्था पनि छैन । त्यसैले राजनीतिमा चासो राख्ने सचेत नागरिकले दुईवटा विकल्प दिन थालेका छन् ।

पहिलो हो, बढी मत ल्याउने विजयी हुने निर्वाचन प्रणाली मात्र अवलम्बन गरी प्रतिनिधिसभामा प्रतिनिधिहरु पठाउने । दोस्रो हो, समानुपातिक प्रतिनिधित्वबाट आउने व्यक्तिहरूलाई विधान क्षेत्र निश्चित गरिदिने, ती विधान क्षेत्रहरूमा तत्-तत् समूह, वर्ग, क्षेत्रका लक्षित समूहका व्यक्तिहरूबाट मात्रै निर्वाचनमा प्रतिस्पर्धा गर्ने गरी राजनीतिक दलहरूले टिकट दिनुपर्दछ । यो सन्दर्भमा पनि विस्तृत विश्लेषण गर्दा कठिनाइको अवस्था देखियो भने समानुपातिकहरुलाई अपर हाउसमा मात्र प्रतिनिधित्व गराउने हिसाबले पठाउँदा पनि उपयुक्त नै हुन्छ । तर राष्ट्रिय सभामा मात्र लक्षित समूहका व्यक्तिहरूलाई प्रतिनिधित्व गराउँदा कार्यकारणी प्रमुख अथवा सरकार प्रमुख बन्ने अधिकारबाट वञ्चित हुनुपर्दछ । यसबाट यी लक्षित समूहका मानिसहरू असन्तुष्ट हुन सक्छन् । फेरि पनि संविधान विवादमा पर्न सक्छ ।

यो असहज अवस्थामा अहिले बनेको सरकारले संविधान संशोधनको एजेन्डालाई अघि सारेको छ । यसलाई सम्बन्धित क्षेत्रका विज्ञहरूबाट अध्ययन, अनुसन्धान र विश्लेषण विस्तृतरुपमा गराई तत्पश्चात् मस्यौदा गरिएको संविधानमा सबै नागरिकको अभिमत लिएर मात्र संविधान संशोधन हुनुपर्दछ । यदि यी प्रक्रियामा नगई फेरि पनि संसद्मा रहेको सांसद संख्याहरूको दुई तिहाइले मात्रै संविधान संशोधन गर्ने प्रक्रिया अघि बढ्यो भने संशोधित संविधान पुन: जोखिममा पर्नेछ । सरकारमा रहनेहरु ठूला दलहरु विशेष गम्भीर हुनुपर्ने अवस्था छ ।

जनतामा रहेको उच्च आकांक्षाका हिसाबले र स-साना दलहरूले सौदाबाजी गर्ने क्षमता अत्यन्त ज्यादा राखिसकेको सन्दर्भमा प्रत्येक संशोधित प्रावधानहरूमा अत्यन्त ठूलो सौदाबाजी हुन सक्छ । त्यो परिस्थितिको सामना गर्न अहिलेको करिब दुई तिहाइनजिकको सरकारलाई पनि कठिन हुन्छ । त्यसैले नेपालको सन्दर्भमा संविधान संशोधन भइहाल्ने अवस्था पनि देखिँदैन । हालको संविधानले यी जटिल समस्या अझ बढ्दै राष्ट्रमा सबै प्रकारका जोखिम बढाउँदै जाने र अन्त्यमा राष्ट्र नै असफल राष्ट्रका रुपमा अघि बढ्ने सम्भावना पनि उत्तिकै छ । अत्यन्त खर्चिलो संघीय शासन प्रणाली हामीले अवलम्बन गरेका कारणले पनि यो अवस्था अझै विकराल बन्ने सम्भावना छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# '५-७ वर्ष चलाऔं, अनि हेरौंला' भनेर ईभी किन्ने धेरै छन्

आकाश गोल्छा

नेपालमा आजभन्दा तीन-चार वर्ष पहिला विद्युतीय सवारी (ईभी) को मार्केट सेयर २० प्रतिशत थियो । त्यसबेला बजारमा सीमित ब्रान्ड थिए । प्रतिस्पर्धा एक-दुई वटा ब्रान्डमा मात्रै थिए । आज ईभीको मार्केट सेयर ७५ प्रतिशत हाराहारी पुगेको छ । आज नयाँ-नयाँ ब्रान्ड भित्रिने क्रम बढेको मात्र छैन, प्रतिस्पर्धा पनि धेरै माथि पुगेको छ । धेरै ब्रान्ड आइसकेका छन्, अझै भित्रिने क्रममा छन् । यसको राम्रो पक्ष उपभोक्ताका लागि छानी-छानी गाडी पाउने अवस्था छ । धेरै सुविधा र विशेषतामा गाडीहरू उपलब्ध छन् । जति धेरै प्रतिस्पर्धा भयो, छुट पनि उत्ति धेरै पाउने सम्भावना हुन्छ । नेपालमा जति पनि ब्रान्ड भित्रिएका छन्, त्यसमध्ये आफू कुनमा जाने भन्ने चाहिं उपभोक्ताले आफैं छनोट गर्न सक्नुपर्छ । इन्टरनेट तपाईंको हातमा छ, त्यहाँ तपाईंले ईभीबारे सबै कुरा थाहा पाउन सक्नुहुन्छ । ब्रान्डसँगै नेपालको आधिकारिक बिक्रेताको ट्र्याक रेकर्ड समेत हेर्न सक्नुहुन्छ ।

अहिले ईभी गाडीमा यस्तै बाढी आएको छ । गाडी भरपर्दो हुनुपर्‍यो । नेपालमा आयात गर्ने मान्छे भरपर्दो हुनुपर्‍यो । उपभोक्ताले पनि यो हेरेर निर्णय गर्नुपर्छ । दुईपांग्रे ईभीमा ९० जति ब्रान्ड आएका छन् । तर, धेरैले एक वा दुई पटक भन्दा आयात गर्न सकेनन् । एकपटक बजारमा आए, हराए । कतिपय उपभोक्ताले त्यस्ता ईभी किन्दा दु:ख पनि पाएका छन् । तर चार पांग्रे ईभीमा अत्यन्तै उत्साहजनक एडप्सन छ ।

हाम्रो ईभी बजारमा भारत र चिनियाँ कम्पनीको बाहुल्य छ । अलिअलि जापान, कोरिया र जर्मनीको समेत उत्पादन आएको छ । विश्वव्यापी रूपमा पनि चिनियाँ कम्पनीहरू प्रतिस्पर्धी देखिएका छन् । नेपालको हकमा भारत र चीन दुवै देशका ईभीले राम्रो बजार पाएका छन् ।

चिनियाँ र भारतीय ब्रान्डमा केही फरकपन देखिन्छ । उदाहरणका लागि भारतले ब्याट्री आफैं उत्पादन गर्दैन । त्यसले गर्दा मूल्य अलि बढी पर्छ । त्यसले उनीहरुको प्रतिस्पर्धी क्षमता कमजोर हुने सम्भावना छ । चीनले ब्याट्री आफैं उत्पादन गर्ने भएकाले सस्तो पर्ने हुन्छ । तर, ढुवानीका दृष्टिले हेर्दा चाहिं भारतीय गाडीको तुलनामा चिनियाँ गाडी महँगो पर्छ । किनभने चिनियाँ कम्पनीका उद्योगहरू नेपालबाट टाढा-टाढा छन् । सरसर्ती हेर्दा दुवै देशका ब्रान्डहरूको आफ्नै विशेषता छ । प्रविधिको दृष्टिकोणबाट भारतको तुलनामा चीन अगाडि छ । पछिल्लो समय चीनमा उत्पादन भएका ईभीको विशेषता र गुणस्तरमा धेरै नै विविधता छ । जापानिज गाडी यस्तो हुन्छ, कोरियन गाडी यस्तो हुन्छ, जर्मन गाडी यस्तो हो, अमेरिकन गाडी यस्तो हो भन्न सकिन्छ । तर, चीनमा यस्तो एकरुपता छैन । चीनमा सस्ता गाडी पनि छन्, महँगा पनि छन् । केही ब्रान्ड निकै प्रिमियम छन् । केही ब्रान्ड इकोनोमिकल छन् ।

उपभोक्ताले गाडी खरीद गर्दा बेच्ने मान्छे को हो भनेर पनि हेर्नुपर्छ । गाडी बेचेर मात्र भएन, त्यसपछिको सेवा दिन सक्छ वा सक्दैन, त्यो पनि हेर्नुपर्छ । उपभोक्तालाई स्पेयर्स पार्टस् उपलब्धताको हिसाबले विगतदेखि नै भारतीय गाडी सजिलै पाइएला भन्ने लाग्ने गरेको छ । खासगरी तराई भेगका उपभोक्तामा यस्तो मान्यता पाइन्छ । कुनै ब्रान्ड नयाँ बिक्रेताले ल्याएको भए पनि कम्पनी बलियो हुन सक्छ । त्यो ब्राण्डका कारण चल्ने हो, कसले आयात गर्छ भन्नेले खास असर गर्दैन । तर, कुनै ब्रान्ड स्थापित छैन भने बिक्रेता परिवर्तन हुँदा उपभोक्ताले नपत्याउन सक्छन् । मैले ईभी ब्रान्ड नभई टोयोटाको उदाहरण दिन्छु । टोयोटाको गाडी बेच्ने बिक्रेता परिवर्तन भए पनि त्यो टोयोटाकै कारणले चल्छ ।

*(साभार: अनलाइनखबर)*

# अब सिनियर टिमबाट विश्वकप खेल्ने पूजाको सपना

काठमाडौं/पछिल्लो एक साता पूजा महतोको नाम खुब खर्चामा रह्यो । पूजाको कप्तानीमा रहेको टिमले यूएईलाई हराउँदै आईसीसी यू-१९ महिला टी-२० विश्वकप एसिया छनोटको उपाधि जित्यो ।

च्याम्पियन हैसियतमा नेपालले आगामी जनवरी-फेब्रुअरीमा मलेसियामा हुने यू-१९ महिला टी-२० विश्वकप र डिसेम्बरमा मलेसियामा नै हुने यू-१९ महिला एसिया कप खेल्ने अवसर पायो । यो उपलब्धिमा सबैभन्दा अगाडि पूजाकै नाम आउँछ । उनले महिला क्रिकेटमा नेपाललाई पहिलोपटक विश्वकपमा पुऱ्याउन नेतृत्व गरिन् । उनी मैदानमा ब्याट र बल दुवैमा अब्बल देखिइन् ।

'महिला क्रिकेटमा इतिहास रच्दा धेरै खुशी लागेको छ र त्यसको कप्तानको भूमिका निर्वाह गर्न पाउँदा त अझ धेरै गर्व लागेको छ', पूजाले संचारकर्मीसँग भनिन् । पुरुष क्रिकेटमा नेपालको सिनियर टिमले दुई पटक टी-२० विश्वकप र यू-१९ टिमले ८ पटक विश्वकप खेलेपनि महिला टिम अहिलेसम्म विश्वकपमा पुग्न सकेको थिएन ।

यू-१९ महिला टिमले दोस्रो प्रयासमा विश्वकपमा स्थान बनाउन सफल भयो । सन् २००७ देखि महिला टिमले अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेपनि विश्वकपको नजिकसमेत पुग्न सकेको थिएन । दुबईमा चार टोली सहभागी यु-१९ विश्वकप छनोटमा नेपालले यूएईविरुद्ध अन्तिम खेल राम्रो नेट रनरेटमा जित्नुपर्ने अवस्था थियो । त्यस्तोमा पहिले बलिङ गरेको नेपालले घरेलु टोली यूएईलाई ८३ रनमा रोक्न सफल भयो ।

कृष्मा गुरुङको ४ विकेट सहित नेपालले राम्रो बलिङ गऱ्यो । यूएईको मुख्य खेलाडी रिनिथा र जिथलाई आउट गर्नुले नै कम स्कोरमा रोक्न सकेको पूजाले बताइन् । 'रिनिथा (२०) आउट भएपछि उनीहरूले ८३ रन मात्र बनाउन सक्यो । लक्ष्य सानो थियो र हामीले १६.२ ओभरमा भेट्नुपर्ने थियो । त्यसलाई रोक्न सहज नै भयो', पूजाले भनिन् ।

त्यसपछि ओपनर सना प्रविन अविजित ३५ रन मद्दतमा नेपालले १४.२ ओभरमै ८६ रन बनाएर विश्वकपको टिकट काटेको थियो । एकछेउबाट विकेट गएपनि सनाले राम्रो ब्याटिङ गरेको पूजाले बताइन् । डबल राउण्ड रोबिन खेलमा यूएईविरुद्धको पहिलो खेलमा १३ रनले पराजित भएको नेपालले त्यसपछि थाइल्याण्डलाई दोस्रो पटक हराइसकेको थियो । अन्तिम खेलमा यूएईसँग भिड्नुअघि रनरेट बढाउन नेपालले कुवेतविरुद्ध फराकिलो अन्तरको जित निकाल्नु थियो ।

खेल भयो पनि त्यस्तै । पूजाको शतक र ५ विकेट मद्दतमा नेपालले कुवेतलाई १६५ रनले हराएर रनरेट सुधार गरेको थियो । 'कुवेत विरुद्ध हामीलाई हाइ मार्जिनमा जित्न चाहिन्थ्यो । त्यसपछि हामी यूएईलाई हराउँछौं भन्ने थियो', पूजाले त्यो बेलाको आत्मविश्वास सुनाइन् । पूजाले भनेजस्तै अन्तिम खेलमा नेपालले यूएईलाई जसरी जित्नुपर्ने थियो त्यसरी नै हरायो र इतिहास रच्यो ।



### सिनियर टिममा २० खेल खेलेर जुनियरको कप्तान

महोत्तरीकी पूजाले सुरुमै नेपालको सिनियर टिमबाट खेलिन् । ब्याट र बल दुवैमा अब्बल उनले उमेर समूहमा नखेली सिधै सिनियर टिमबाट २०२३ मा डेब्यु गरेकी थिइन् । सिनियर टिमबाट खेलेपछि मात्र उनले उमेर समूह अर्थात् यू-१९ टिमबाट खेलेकी हुन् । त्यसमा पनि विश्वकप छनोटजस्तो प्रतियोगितामा कप्तानकै जिम्मेवारी पाइन् ।

सिनियर टिमबाट खेलिसकेकी पूजा र सोनी पाखिन यू-१९ टिममा थिए । सिनियर टिमबाट खेलिरहेको र अनुभवी खेलाडी भएकाले पनि पूजा कप्तानको स्वभाविक दाबेदार थिइन् । पूजाले आफूलाई दिएको नेतृत्वको जिम्मेवारी पनि पूरा गरेर देखाइन् । सिनियर टिममा खेलिसकेकाले त्यो अनुभव अहिले काम लागेको उनले बताइन् ।

'हामी दुई (सोनी) सिनियर टिमबाट खेलेका थियौं । यू-१९ मा म सबैभन्दा सिनियर थिएँ । मैले सिनियर टिमबाट २० खेल खेलिसकेको थिएँ', पूजाले भनिन्, 'क्रिकेटमा अनुभवले धेरै अर्थ राख्छ । क्यानलाई पनि धन्यवाद । दिल्लीमा राम्रो सुविधासहित राम्रो टिमसँग खेल्न पायौं र विश्वकप छनोटमा राम्रो खेल्यौं ।'

### एकै खेलमा शतक र ५ विकेट

छनोटमा कुवेतविरुद्धको खेलमा पूजाले शतक र ५ विकेट लिंदै कीर्तिमानी प्रदर्शन गरिन् । कुवेतविरुद्ध उनले ६९ बलमा १७ चौका हान्दै अविजित १३० रन बनाएकी थिइन् । उनकै १३० रन मद्दतमा नेपालले २१३ रन बनाएको थियो । त्यसपछि उनले नै ५ विकेट लिएपछि कुवेतलाई ४८ रनमा अलआउट गर्दै नेपालले १६५ रनको फराकिलो अन्तरले खेल जित्यो ।

त्यस खेलमा पूजाले अलराउण्ड प्रदर्शन गरिन् । क्रिकेटमा कुनैपनि फर्म्याटमा शतक र ५ विकेट लिनु अविश्वसनीय जस्तै हुन्छ । यस्तो खालको प्रदर्शन गर्नलाई निकै राम्रो खेल्नुपर्छ । पूजा भने यस्तो प्रदर्शनको जस भगवानलाई दिन्छिन् । 'मेरो विचारमा सबै क्रेडिट भगवानलाई जान्छ । यो ठूलो कुरा हो', शतक र ५ विकेटबारे उनले भनिन्, 'एकै खेलमा शतक प्रहार गर्नु र ५ विकेट लिनु एक प्रकारले अविश्वसनीय हो ।'

पूजाको यो प्रदर्शन अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालबाट कुनै पनि फर्म्याटमा कुनै पनि उमेर समूहमा बनेको पहिलो कीर्तिमान हो । त्यसैले पनि नेपाली क्रिकेटमा यो सदाबहार कीर्तिमानको रूपमा रहनेछ । कुनै एक खेलमा गरेको उत्कृष्ट प्रदर्शनको प्रसंग आउँदा अब पूजाको नाम बिर्सिइने छैन ।

### "विश्वकपमा किन छौं भनेर प्रमाणित गर्नुपर्छ"

महिला सिनियर टिमले डेढ दशकदेखि प्रयास गरेपनि विश्वकप पुग्न सकेको थिएन । यू-१९ महिला टिमले दोस्रो प्रयासमै विश्वकपमा स्थान बनायो । धेरैका लागि यो अपेक्षाभन्दा बाहिर रहेपनि वर्तमान यू-१९ टोलीले नेपालले पनि गर्न सक्छ भन्ने प्रमाणित गऱ्यो ।

एसिया छनोटको च्याम्पियन बनेर यू-१९ विश्वकपमा स्थान बनाएपछि अहिले सबैको चासो यू-१९ महिला टिममा छ । किनभने नेपालले एउटा मात्र नभई लगातार दुई ठूला प्रतियोगितामा बलिया टिमसँग खेल्दैछ । डिसेम्बरमा हुने यू-१९ एसिया कपमा भारत र पाकिस्तानसँग समूह चरणमा खेल्नेछ । यस्तै २०२५ जनवरी-फेब्रुअरीमा मलेसिया हुने विश्वकपमा समूह चरणमा अष्ट्रेलिया, बंगलादेश र स्कटल्याण्डसँग खेल्नेछ ।

एसोसिएटमा एसियाकै बेस्ट बनेपछि अब विश्वकपमा किन छौं भनेर प्रमाणित गर्नुपर्ने पूजाले बताइन् । 'अहिले हामी बेस्ट एसोसिएट भएर छनोट भयौं । एसिया कप र विश्वकपमा हामी किन छौं भनेर प्रमाणित गर्नुपर्छ', पूजाले भनिन्, 'ठूला टिमसँग खेल्न हामी धेरै उत्साहित छौं र हामी इन्जोय गरेर हाम्रो खेल खेल्छौं ।' महिलाको जुनियर टिम छनोट भएपछि अब सिनियर टिमलाई पनि विश्वकप पुग्नुपर्छ भन्ने चुनौती थपिएको छ । 'मैले पनि सिनियर टिमबाट खेल्छु र मलाई पनि हामी छनोट हुनुपर्छ भन्ने लाग्छ' सिनियर टिमकी समेत महत्वपूर्ण सदस्य रहेकी पूजाले भनिन्, 'सिनियर टिमबाट पनि मेरो अबको सपना चाँडै विश्वकपमा छनोट हुनु हो ।'

एसिया कप र विश्वकप खेल्नका लागि टिममा अझै सुधार गर्नुपर्ने पूजा बताउँछिन् । 'सबै कुरा माइन्डसेट हो । हाम्रो फिटनेस, ब्याटिङ र बलिङ ठिकै छ । तर हामीले टेस्ट नेसनलाई राम्रो चुनौती दिने हो भने हामीले धेरै सुधार गर्नुपर्छ', उनले भनिन्, 'फिटनेस, बलिङ, फिल्डिङ, ब्याटिङ स्किलमा सुधार गर्नुपर्छ । क्यानले लामो ट्रेनिङ गराए सुधार गर्न सकिन्छ ।'

### दिल्लीदेखि विश्वकपसम्मको यात्रा

पूजा महोत्तरीको गौशालामा जन्मिइन् । तर उनले क्रिकेट कला भने भारतको दिल्लीमा सिकिन् । अधिकांश नेपाली खेलाडी जस्तै उनको क्रिकेटको सुरुवात दिल्लीमै भयो । दिल्लीबाट राष्ट्रिय टिम हुँदै यू-१९ विश्वकपसम्मको उनको यात्रा जति रमाइलो छ, त्योभन्दा बढी संघर्षपूर्ण छ उनको परिवारको संघर्ष । 'यहाँसम्म आइपुग्न मेरो बुबाले धेरै मिहिनेत गर्नुभएको छ । मेरो परिवारको साथ एकदम धेरै छ', बुवा र परिवारप्रति कृतज्ञ थिइन् उनी ।

### निम्नमध्यम आर्थिक अवस्था

सुधार्न पूजाका बुबा रञ्जित महतो पैसा कमाउन दिल्ली गएका थिए । परिवारको राम्रो भविष्यका लागि दिल्ली गएका उनका तीन छोरी र एक छोरा छन् । त्यसमध्ये माइली हुन् पूजा । पूजा र उनकी भाइ परिवारसँग दिल्लीमै थिइन् । संयोगले भाइले क्रिकेट सिक्ने एकेडेमीमै पूजाले पनि क्रिकेट सिक्न पाइन् ।

'मेरो भाइले क्रिकेट खेल्न थालेको थियो । हामी उसलाई एकेडेमीमा लैजान्थ्यौं । एक दिन एकेडेमीको कोचले मेरो बुबासँग कुरा गर्दै तिम्रो छोरीसँग पनि क्षमता छ क्रिकेट खेल्नुपर्छ भन्नुभयो', पूजाले क्रिकेट करिअरको सुरुवाती दिन सम्झँदै भनिन्, 'अनि बुबाले तिमीले पनि खेल्नुपर्छ भन्नुभयो र म क्रिकेटसँग जोडिएँ ।'

तर पूजाको बुबासँग दिदीबहिनी र भाइका लागि पैसा पुऱ्याउन कठिन थियो । पछि एकेडेमीमा नि:शुल्क प्रशिक्षणको व्यवस्था भएपछि पूजाले सिक्न थालिन् । त्यसो त पूजाको नेपाल आगमनको प्रसंग पनि भाइसँग जोडिएको छ । दुई वर्षअघि बुबा र भाइ एक कार्यक्रमका लागि नेपाल आएका थिए । त्यही बेला उनको भाइ जिल्लाको यू-१५ क्याम्पमा परे ।

'मेरो भाइले एक खेल खेलेर प्लेअर अफ दि म्याच अवार्ड पाएँ र उसलाई रोशन सर (तत्कालीन क्यान कोषाध्यक्ष) ले अवार्ड दिनुभयो', पूजाले भनिन् । भाइले आफ्ना दिदीहरूले पनि क्रिकेट खेल्ने कुरा रोशन सिंहलाई बताए । दिल्ली फर्केपछि भाइले दिदीहरूलाई यसबारे जानकारी गराए । खेलको भिडियोहरू रोशन सिंहलाई पठाए ।

सिंहले यी विषयमा क्यानमा जानकारी गराए । त्यसपछि पूजा र आरती क्रिकेट खेल्न महोत्तरी आए । 'रोशन सरले मलाई खेलाउनका लागि सबै पहल गर्नुभयो', पूजाले भनिन् । प्रशिक्षणमा सहभागी हुन थालेसँगै पूजाको राष्ट्रिय टिममा इन्ट्री भयो । गत वर्ष मलेसियामा भएको आईसीसी वुमन्स टी-२० वर्ल्ड कप एसिया रिजन क्वालिफायरका लागि उनी पहिलोपटक राष्ट्रिय टोलीमा परिन् ।

वर्ल्डकप क्वालिफायर अघि चार देश सम्मिलित सिरिजमा हङकङविरुद्ध खेल्दै उनले सिनियर टिममा डेब्यु गरिन् । पहिलो खेलमा पूजाको अलराउण्ड प्रदर्शन थियो । ३ ओभर बलिङ गरेर १ मेडन राख्दै ५ रन खर्चेर १ विकेट लिएकी उनले ब्याटिङमा ओपनिङ गर्दै १८ बलमा १६ रन बनाइन् । राष्ट्रिय टिममा २० खेलमा १४ इनिङ्स ब्याटिङ गरेकी पूजाले १ अर्धशतकसहित १८५ रन बनाएकी छन् । यस्तै बलिङमा १९ इनिङ्समा १६ विकेट लिएकी छन् ।

(स्रोत: अनलाइनखबर)

# हिटमा ह्याट्रिकपछि अब 'डोरी'मा अञ्जना




काठमाडौं/'घुमी घुमी' गीतमा अभिनय गरेपछि चर्चामा आएकी अभिनेत्री अञ्जना बराइलीलाई पहिलो फिल्म 'महापुरुष'बाटै सफलता मिल्यो । यसपछि 'पूजार सार्की' र यतिबेला प्रदर्शनरत 'पूर्ण बहादुरको सारङ्गी'ले पनि सफलता प्राप्त गरेपछि उनको हिटमा 'ह्याट्रिक' पूरा भएको छ । लगातार तीन फिल्म सफल हुँदा उनी 'डिमान्डेड' बनेकी छन् । एकपछि अर्को फिल्म उनको हातमा परिरहेको छ ।

यसैबीच, अञ्जना नयाँ फिल्म 'डोरी'मा आबद्ध भएकी छन् । उनीसँग निर्माताले यसै साता कागजी सम्झौता गरेका हुन् । उनीसँगै फिल्ममा प्रकाश घिमिरेलाई पनि अनुबन्ध गरिएको कार्यकारी निर्माता राज थापाले जानकारी दिए । यसअघि फिल्ममा क्लाकारहरु प्रवीण खतिवडा, शिशिर बाङ्देल, कविता आले, राज पौडेल, विशाल राई लगायत निश्चित भइसकेका छन् ।

जी सेवेन प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मलाई अरुण लामाले निर्देशन गर्नेछन् । उनी स्वयंको लेखन रहेको फिल्ममा मनोज पण्डितले 'स्क्रिप्ट डक्टरिङ' गरेका छन् । 'मिस्टर एक्स' निर्माता रहेको फिल्ममा राजनराज सिवाकोटीको सङ्गीत, सौरभ लामाको छायांकन तथा राजु तामाङको द्वन्द्व निर्देशन रहनेछ ।

हरर, थ्रिलर, एक्सन र कमेडीको मिश्रण रहने फिल्मलाई सन् २०२५ मा रिलिज लक्ष्य राखिएको छ ।

'डोरी'को कथा परिवारको आर्थिक बोझ हल्का गर्न जीवनमा जोखिमपूर्ण निर्णयहरू लिने एउटा सैर्षशील युवाको वरिपरि घुम्ने निर्देशक लामाले जनाए । उनका अनुसार फिल्ममा हाँसो, त्रास र असफलतासहितको सैर्षलाई रोचक तरिकामा प्रस्तुत गरिनेछ ।

# 'कर्मा'मा विपिनको जोडी उपासना, मुकुन भिलेन



काठमाडौं/गत वर्ष प्रदर्शित फिल्म 'अगस्त्य'बाट चर्चामा आएका निर्देशक सौरभ चौधरी यतिबेला नयाँ फिल्म 'कर्मा'को तयारीमा छन् । यही मंसिर २० गतेबाट छायांकनको तयारी गरिएको फिल्ममा उनले कलाकारको 'लाइनअप' बलियो बनाइरहेका छन् । फिल्ममा अभिनेता विपिन कार्कीलाई शीर्ष भूमिकामा अनुबन्धित गरिसकिएको छ । उनलाई पहिलोपटक एक्सन अवतारमा प्रस्तुत गरिँदैछ ।

अब फिल्ममा मुख्य अभिनेत्रीको रुपमा उपासना सिंह ठकुरी भित्रिएकी छ । उनीसँग निर्माताको केही हप्ताअघि कागजी सम्झौता भएको हो । फिल्ममा उनी विपिनको जोडी भएर प्रस्तुत हुनेछिन् । त्यस्तै, नकारात्मक भूमिकामा अभिनेता मुकुन भुसाललाई अनुबन्धित गरिएको जानकारी प्राप्त छ । उनी पहिलोपटक नकारात्मक भूमिकामा देखिन लागेका हुन् ।

'कर्मा'मा उपासनाको विपिनसँग पहिलो सहकार्य हुनेछ । 'क्याप्टेन'बाट अभिनेत्रीको रुपमा भित्रिएकी उनले 'कबड्डी कबड्डी कबड्डी', 'दुई नम्बरी' र 'खुस्मा'बाट हिटमा ह्याट्रिक गरिसकेकी छन् । मुकुन भने फिल्म 'बुलबुल'बाट उदाएका हुन् । यही फिल्मबाट उनी चर्चामा आए । यतिबेला उनी अभिनीत फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले घरेलु बक्स अफिसमा कीर्तिमानी व्यापार गरिरहेको छ ।

लुम्बिनी प्रदेशको दाङ जिल्लाबाट छायांकन सुरु गर्न लागिएको 'कर्मा'लाई रुकुममा पनि खिचिने जनाइएको छ । फिल्ममा निर्देशक चौधरी स्वयंको लेखन छ । आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्ममा वसन्त लम्साल निर्मातामा छन् । नयाँ वर्षको छेको पारेर आगामी चैत २९ गतेबाट फिल्मलाई प्रदर्शन गरिँदैछ ।

# नेपाल-अमेरिका अन्तराष्ट्रिय चलचित्र महोत्सव जुन १९ देखि २२ सम्म हुने



काठमाडौं/नेपाल-अमेरिका अन्तराष्ट्रिय चलचित्र महोत्सवको आठौं संस्करण २०२५ जुन १९ देखि २२ सम्म आयोजना हुनेभएको छ । अमेरिकाको मेरिल्याण्ड राज्य र वासिङ्टन डिसी महानगर क्षेत्रमा आयोजना गरिने महोत्सवका लागि विश्वभरबाट आवेदन खुला गरिएको जनाइएको छ ।

अमेरिकाको मेरिल्याण्ड राज्यमा स्थापित गैरनाफामुलक संस्था नेपाल-अमेरिका फिल्म सोसाइटीले सन् २०१७ देखि प्रत्येक वर्ष यो महोत्सवको आयोजना गर्दै आएको छ ।

महोत्सवमा फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र, एनिमेशनका साथै सबै विधाका चलचित्रहरू प्रदर्शन गरिनेछन् । नेपाल, अमेरिका र दक्षिण एसियासहित विभिन्न देशका स्वतन्त्र सिनेमा यस महोत्सवको उच्च प्राथमिकतामा पर्नेछन् ।

अमेरिकाको वासिङ्टन डीसी, मेरिल्याण्ड र भर्जिनियाका स्थानीय चलचित्रकर्मीलाई प्रोत्साहन गर्न 'डीएमभी क्लोजअप' अन्तर्गत फिल्म प्रदर्शन हुनेछन् । स्थापना कालदेखि 'ग्लोबल पिस फिल्म फेस्टिवल' फ्लोरिडासँगको सहकार्यमा प्रदर्शन हुदै आएका चलचित्र आगामी २०२५ को संस्करण पनि समावेश हुने जनाइएको छ ।

अन्तराष्ट्रिय चलचित्रकर्मी सम्मिलित समितिले आवेदन परेका मध्येबाट चलचित्र प्रदर्शनका लागि छनोट गर्नेछ । प्रदर्शन गरिएका मध्येबाट उत्कृष्ट फिल्मलाई विभिन्न अवार्डबाट पुरस्कृत गरिनेछ । महोत्सवको अवधिमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे 'प्यानल' छलफल तथा कार्यशाला समेत हुनेछन् । हरेक चलचित्र प्रदर्शनपछि त्यसका निर्देशक, निर्माता तथा कलाकारसँग अन्तरक्रिया गरिनेछ ।

# ६०१ हप्ता सफाइ गर्दा पनि वाग्मतीको अवस्था उस्तै



काठमाडौं/राष्ट्रको लागि हप्ताको दुई घण्टा स्वयंसेवा भन्ने नाराका साथ सुरु भएको वाग्मती सफाइ महाअभियान छ सय एक हप्ता प्रवेश गरेपनि काठमाडौं उपत्यकाका नदीनाला भने सफा हुन सकेको छैन । वि.सं २०७० जेठ ५ गते सुरु भएको वाग्मती सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार निरन्तर वाग्मती किनारमा सफाइ हुँदै आएको छ । जति सफाइ गरे पनि वाग्मती सफा नदेखिएपछि 'हिँड्दैछ, पाइला मेट्दैछ' भनेर पनि कतिले यो महाअभियानलाई व्यङ्ग्य गर्ने गरेका छन् ।

सुरुआती चरणदेखि महाअभियानमा जुटेका अभियानकर्मी किशोरसिंह शाही ढलको व्यवस्था नगरी सिधै फोहर पानी नदीमा हाल्दा जति सफाइ गरे पनि वाग्मती सफा देखिन नसकेको बताउँछन् । वाग्मतीको मुहानदेखिकै स्थानीय सरकारले माथिल्लो भेगबाटै आउने फोहर अझै व्यवस्थापन गर्न नसक्नु, पशुपति क्षेत्रको आर्यघाटबाट निस्कने फोहरलाई अझै पशुपति क्षेत्र विकास कोषले व्यवस्थापन नगर्नु र फोहर पानी प्रशोधन केन्द्रले राम्रोसँग काम नगर्नु जस्ता कारणले अझै वाग्मती सफाइ हुन नसकेको उनको निष्कर्ष छ ।

महाअभियान नागरिकस्तरबाट सुरु गरी जागरण गर्दा पनि स्थानीय सरकारले फोहर व्यवस्थापनमा चासो नदेखाउँदा प्रभावकारी सफाइ हुन सकेको छैन । सफाइ अभियानकर्मी चक्रबहादुर चन्द १२ वर्षअघिको अवस्थाबाट वाग्मतीमा सफाइको अवस्थामा सुधार गर्न सकिए पनि आशातीत काम भने हुन नसकेको बताउँछन् ।

ढलमुक्त गराउन भने सरकारले नसकेको उनले स्वीकार गरे । अधिकार सम्पन्न वाग्मती समितिले एक वर्षमा गुह्येश्वरीसम्म ढलमुक्त गर्ने प्रतिबद्धता जनाएको बताए । समितिले गुह्येश्वरीसम्मका छ ठाउँमा ढल मिसिइरहेकामा तीन ठाउँमा बन्द गराइसकेको जनाइएको छ । वाग्मती सफाइ महाअभियानको छ सय एक हप्ताको आजको सफाइ काठमाडौं महानगरपालिका-३१ स्थित आलोकनगरमा गरिएको थियो ।

(स्रोत: अनलाइनखबर)

# क्रसर व्यवसायी महासंघको अध्यक्षमा दोहोरिए न्यौपाने

काठमाडौं/नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघको अध्यक्षमा पुन: सीताराम न्यौपाने निर्विरोध चुनिएका छन् । महोत्तरीको बर्दिवासमा आयोजित दशौं र एघारौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट न्यौपानेको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चुनिएको उपाध्यक्ष मिनबहादुर शाहीले जानकारी दिए ।

२०७७ माघ २० गते बुटवलमा आयोजित महाधिवेशनबाट पनि सिताराम न्यौपाने नै अध्यक्ष चुनिएका थिए । महासंघको कार्यसमिति २१ सदस्यीय हुने विधानमा व्यवस्था छ ।

बर्दिवास महाधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा चन्द्रमणी अधिकारी, उपाध्यक्षमा कोशी प्रदेशबाट रोहित बहादुर कार्की, मधेश प्रदेशबाट राम नारायण प्रसाद यादव, बागमती प्रदेशबाट देवराज लुइँटेल, गण्डकी प्रदेशबाट लिलाधर बराल र लुम्बिनी प्रदेशबाट मिन बहादुर शाही चुनिएका छन् ।

त्यस्तै महासचिवमा देवराज तामाङ चुनिएका छन् । सचिवमा उम्मेदवारी नपरेकाले पद रिक्त राखिएको छ ।

सहसचिवमा बुद्धि प्रसाद आचार्य, कोषाध्यक्षमा बेचन ठाकुर बरही र सहकोषाध्यक्षमा विनोदराज श्रेष्ठ निर्विरोध चुनिएका छन् । सदस्यमा हुमनाथ पौडेल, कुमार गिरी, तिल प्रसाद पाठक, अनोद कुमार देवकोटा, विकास नारायण श्रेष्ठ, राजकुमार रावल, राजु रेग्मी, शशी कुमार यादव र सन्तोष यादव निर्वाचित भएका छन् ।

पदाधिकारीसहित कार्यसमिति सदस्यहरुको कार्यकाल तीन वर्षको हुन्छ । महासंघको अध्यक्षमा पुन: चुनिएसँगै न्यौपानेले क्रसर व्यवसायका अधिकांश समस्याहरू अघिल्ला तीन वर्षहरूमा सरोकारवाला निकायलाई अवगत गराएको र अगामी तीन वर्ष त्यस्ता समस्याहरू समाधान गर्न थप मिहिनेत गर्ने बताए ।

बर्दिबासको साधारण सभा तथा महाधिवेशनमा देशभरबाट करिब ७८० जना प्रतिनिधिहरुको सहभागिता थियो ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ग्रामीण बहुउद्देश्यीयको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/हेटौंडा उपमहानगरपालिका-२ बुद्धचोकमा रहेको ग्रामीण बहुउद्देश्यीय सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष राजु अधिकारीको सभाध्यक्षतामा सभा भएको थियो । सभाको अवसरमा सहकारीले विभिन्न व्यक्तित्वलाई सम्मान गरेको छ । संस्थाले सञ्चार माध्यमबाट सहकारी क्षेत्रको विषयवस्तुमा कलम चलाइएको भनी खबर सहकारी डटकमका प्रधानसम्पादक श्रीराम अर्जुनलाई सम्मान गरेको थियो । त्यस्तै, संस्थापक शेयरसदस्य खेमनाथ घिमिरे, रामप्रसाद अर्याल, हरिप्रसाद पुडासैनी र नेत्रप्रसाद घिमिरेलाई सम्मान गरिएको थियो ।

सभामा जेष्ठ शेयर सदस्यतर्फ खड्क अर्याल, सञ्चालक समितितर्फ कृष्णप्रसाद घिमिरे र कर्मचारीतर्फ बजार प्रतिनिधि सुरज श्रेष्ठलाई सम्मान गरिएको थियो । बचततर्फ राजेन्द्र अर्याल र बोजप्रसाद भट्टराई, कारोबारतर्फ कुमार लामा र जीवन सिलवाल व्यवसायतर्फ सन्तोष घिमिरे र उषा गोले र बालबचततर्फ धैर्यता सुनारलाई सम्मान गरिएको थियो । सहकारीले एसईइमा उत्कृष्ट जिपिए ल्याउने रक्षक नेवार, आयुष दुलाल, सुमीन मानन्धर, अनुभव अर्याल, शरद न्यौपाने, सदी पाख्रिन लामा र पवन अर्याललाई पुरस्कृत गरेको थियो । सभामा बागमती प्रदेश सहकारी संघका सञ्चालक रामहरि न्यौपाने, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, संस्थापक अध्यक्ष कृष्णप्रसाद पुडासैनी, पूर्वअध्यक्ष पूर्णप्रसाद पुडासैनी, निवर्तमान अध्यक्ष प्रतिमा श्रेष्ठ, कुखुरा व्यवसायी संघका अध्यक्ष राजेन्द्र मैनाली, सञ्चारकर्मी श्रीराम अर्जुनलगायतको आतिथ्यता रहेको थियो ।

सहकारीले आव २०८०/८१ मा ११ करोड ६ लाख ७ हजार ६३७ रुपैयाँ बराबरको विवरणपत्र प्रस्तुत गरेको छ । २ करोड ६ लाख ५२ हजार एकसय शेयर पुँजी रहेको सहकारीले सदस्यलाई ९ करोड २८ लाख ७६ हजार ७३१ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक पुष्पा क्षेत्रीले बताइन् । संस्थामा बचतनिक्षेप ४ करोड १४ लाख ३७ हजार ८२० रुपैयाँ रहेको छ भने जगेडा कोषमा ५८ लाख ४८ हजार ६ सय रुपैयाँ रहेको व्यवस्थापक क्षेत्रीले बताइन् । सभामै संस्थाका अध्यक्ष राजु अधिकारीले बैठकभत्ताको रकममा थप गरी नगद १० हजार रुपैयाँ हेटौंडा-१२ सिग्रेनीको प्रतिभा आधारभूत विद्यालयमा कक्षा ७ मा अध्ययनरत राज मोक्तानलाई छात्रवृत्तिस्वरुप हस्तान्तरण गरेका थिए ।

# जनसेवक सहकारीको १६ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/हेटौंडा उपमहानगरपालिका-४, स्थित जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

संस्थाका अध्यक्ष बसन्तराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका पूर्वसामाजिक विकास मन्त्री तथा सांसद् कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि सांसद मोक्तानले सहकारीले उत्पादनमा पनि जोड दिनुपर्ने बताइन् । सहकारीले बचत, ऋण कारोबारमा मात्र नभई अब उत्पादनतर्फ पनि जोड दिनुपर्नेमा उनले औल्याएकी थिइन् ।

कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन सहकारीका अध्यक्ष गौतमले प्रस्तुत गरेका थिए, सचिवको प्रतिवेदन दीर्घनारायण भट्टराईले र कोषाध्यक्ष जयराम घितालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । ७ सय ८१ जना शेयरसदस्य आबद्ध रहेको सहकारीको शेयरपूँजी १ करोड १३ लाख ४३ हजार ५ सय रुपैयाँ, कुल बचत ४ करोड २६ लाख ३१ हजार रुपैयाँ, कुल ऋणलगानी ५ करोड ४ लाख ६२ हजार रुपैयाँ रहेको सहकारीको व्यवस्थापक राजकुमार चौलागाईले जानकारी दिए ।

कार्यक्रममा जेष्ठ शेयर सदस्य जगन्नाथ ढकाल, असल बचतकर्तामा राजकुमारी गुप्ता, असल ऋणीमा अम्बरबहादुर पाख्रिन, उत्कृष्ट बालबचतकर्तामा निर्भाणा कार्की र शेयरसदस्यका उत्कृष्ट अंक हासिल गर्ने छोरा/छोरीलाई पुरस्कृत गरेको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलान, संविधानसभा सदस्य प्रल्हाद लामिछानेलगायतको आतिथ्यता रहेको थियो ।

# मुख्यमन्त्री लामा बाढीपहिरोले क्षतिग्रस्त गाउँ हेर्न डेढ महिनापछि काभ्रेमा



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा असोज दोस्रो साातामा आएको बाढीपहिरोले क्षतिग्रस्त बनाएको गाउँको अवस्था हेर्न डेढ महिनापछि काभ्रे पुगेका छन् ।

प्रदेशसभा बन्द रहेको अवस्थामा कामविहीन बनेको प्रदेशको सरकारप्रमुख आफ्नो जिल्लाको क्षतिको अवस्था हेर्न डेढ महिनापछि मात्रै काभ्रेको बेथानचोक पुगेका हुन् । बाढीपहिरोले बेथानचोकमा ठूलो जनधनको क्षति पुगेको थियो । काभ्रेमा मात्रै ७९ जनाको बाढी पहिरोमा परेर ज्यान गएको थियो । १ हजार ६ सय ६७ वटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका थिए ।

बेथानचोक गाउँपालिकामा मात्रै १२ जनाको मृत्यु भएको थियो । एकजना बेपत्ता छन् । पहिरोमा परी घाइते एकजनाको अहिले पनि उपचार भइरहेको छ । विपद्बाट यस पालिकामा २ सय ८२ घर परिवार विस्थापित भएका छन् । ४८१ घर पूर्णरुपमा क्षति र ११६३ वटा घरमा आंशिक क्षति पुगेको थियो । शनिबार काभ्रेको बेथानचोक गाउँपालिकामा क्षतिग्रस्त क्षेत्रको अनुगमन गर्दै मुख्यमन्त्री लामाले पुनर्निर्माण गर्नका लागि तीनै तहको सरकारबीच सहकार्य गरेर काम गर्ने बताए ।

प्रदेशभर बाढीप्रभावित स्थानीय तहलाई लक्षित गरेर एउटा योजना बनाउने र कार्यान्वयनमा लैजाने उनले बताए । 'हामीसँग विपद् व्यस्थापनका लागि केही बजेट छ,' उनले भने, 'केही हामीले वितरण गरिरहेका छौं भने केही वितरण गर्ने क्रममा रहेका छौं । अब यस स्थानमा भएको क्षतिको विवरण संकलन गर्ने र विपद्लाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा संघ, प्रदेश र स्थानीय तहबीच तालमेल मिलाउन र निर्णय गर्न बाँकी छ ।'

प्राकृतिक प्रकोपबाट प्रभावितलाई राहत नपुगेको विषयमा प्रधानमन्त्री केपी शर्माओलीसँग कुराकानी गरेको लामाले बताए । 'जिल्ला विपद् व्यवस्थापन कोषमा हामीले र संघले केही रकम पठाएका छौं । तर, दोहोरो पऱ्यो भनेर वितरण भएको छैन । यो समस्या समाधानका लागि पहल भइरहेको उनको भनाइ छ । उनले बाढी पहिरोबाट मृत्यु भएकालाई प्रतिव्यक्ति एकलाख रुपैयाँ वितरण गर्ने कार्यविधिअनुसार काम भइरहेको बताए ।

# गरिबी निवारण बचतको २४ औं साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/हेटौंडा उपमहानगरपालिका-६ हात्तिलेटस्थित गरिबीनिवारण बचत तथा ऋण सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

६ नम्बर वडाका वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । सभामा संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटाले आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए भने सचिव शरदकुमार श्रेष्ठले गत आर्थिक वर्षको प्रगति प्रतिवेदन पेश गरेका थिए ।

प्रतिवेदनअनुसार संस्थाको कुल सेयर पुँजी १ करोड १ लाख रूपैयाँ रहेको छ । ७ करोड ३६ लाख ऋण लगानी रहेको यस संस्थाको बचत संकलन ७ करोड ५० लाख रहेको छ । यस सहकारीमा ५ सय २० पुरुष र ४ सय ९२ महिला शेयर सदस्य गरी कुल १ हजार १२ सदस्य संख्या रहेको विवरण पुस्तिकामा उल्लेख छ । कार्यक्रममा ५ जना बयोवृद्ध शेयर सदस्य, असलऋणी, नियमित बचतकर्ता, स्थापनाकालदेखि हालसम्म बचत फिर्ता नलिने सदस्य, नियमित बचतकर्ता, खुत्रुके बचतकर्तालाई सम्मान गरिएको थियो ।

त्यस्तै, एसईई परीक्षामा उच्चजिपिए ल्याउने विद्यार्थीलगायत उत्कृष्ट कर्मचारीलाई नगदसहित सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला सहकारी संघका प्रतिनिधिलगायतको आतिथ्यता थियो ।

# दियालोको शेयरपूँजी ६३ लाख ९५ हजार




साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/हेटौंडा उपमहानगरपालिका-३ मा रहेको दियालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको दशौं वार्षिक साधारणसभामा शनिबार सम्पन्न भएको छ ।

९ सय ४८ जना शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयरपुँजी ६३ लाख ९५ हजार ६०० सय रुपैयाँ रहेको छ । संस्थाका अध्यक्ष दीपक बर्तौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघको सचिव बीरेन्द्रप्रसाद ढुंगानाको प्रमुख आतिथ्यता साथै हेटौंडा-३ का वडाध्यक्ष ढलकबहादुर थापाको विशेष आतिथ्यता रहेको थियो ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष बर्तौलाले आर्थिक वर्ष २०७९/८० मा सहकारीको शेयर पुँजी ६२ लाख ५३ हजार ५ सय रुपैयाँ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा सहकारीको शेयरपूँजी ६३ लाख ९५ हजार ६०० सय रुपैयाँ पुऱ्याएको बताए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष पशुपति नहर्कीले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने लेखा समितिको प्रतिवेदन लेखा समितिका सदस्य देवीकुमारी थिङले प्रस्तुत गरेकी थिइन् । ३ करोड ८७ लाख ९६ हजार ३ सय ५४ निक्षेप रकम रहेको सहकारीको कुल कर्जा लगानी २ करोड ८३ लाख ९६ हजार ४ सय ७१ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा उत्कृष्ट बचतकर्तातर्फ सुनिता पाठक, उत्कृष्ट शेयरसदस्य एनिस रुवाली, असल बचतकर्ता अनिल न्यौपाने, असल ऋणी गौरी बास्कोटा, उत्कृष्ट दुग्ध किसान कल्पना रिमाल, ज्येष्ठ शेयर सदस्य मायादेवी बर्तौला र चन्द्रबहादुर पुडासैनी सम्मानित भएका छन् । कार्यक्रममा दियालो साकोसका बरिष्ठ सल्लाहाकार शिवराज बर्तौला, परिवर्तन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शर्मिला न्यौपाने, मनकामनामाई बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधि, स्थानीय संघसंस्थाका प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

# क्रसर व्यवसायी महासंघको अध्यक्षमा पुन: न्यौपाने



साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ मकवानपुरमा क्रसर व्यवसाय सञ्चालन गर्दै आएका सीताराम न्यौपाने नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघको अध्यक्षमा पुन: निर्विरोध चयन भएका छन् ।

महोत्तरीको बर्दिवासमा आयोजित दशौं र एघारौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट न्यौपानेको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चुनिएको उपाध्यक्ष मीनबहादुर शाहीले जानकारी दिए । २०७७ माघ २० गते बुटवलमा आयोजित महाधिवेशनबाट पनि न्यौपाने नै अध्यक्ष चुनिएका थिए । महासंघको कार्यसमिति २१ सदस्यीय हुने विधानमा व्यवस्था छ ।

बर्दिवास महाधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा चन्द्रमणि अधिकारी, उपाध्यक्षमा कोशी प्रदेशबाट रोहितबहादुर कार्की, मधेश प्रदेशबाट रामनारायणप्रसाद यादव, बागमती प्रदेशबाट देवराज लुइँटेल, गण्डकी प्रदेशबाट लिलाधर बराल र लुम्बिनी प्रदेशबाट मीनबहादुर शाही चुनिएका छन् । त्यस्तै महासचिवमा देवराज तामाङ चुनिएका छन् । सचिवमा उम्मेदवारी नपरेकाले पदरिक्त राखिएको छ । सहसचिवमा बुद्धिप्रसाद आचार्य, कोषाध्यक्षमा बेचन ठाकुरबरही र सहकोषाध्यक्षमा विनोदराज श्रेष्ठ निर्विरोध चुनिएका छन् ।

सदस्यमा हुमनाथ पौडेल, कुमार गिरी, तिलप्रसाद पाठक, अनोदकुमार देवकोटा, विकासनारायण श्रेष्ठ, राजकुमार रावल, राजु रेग्मी, शशिकुमार यादव र सन्तोष यादव निर्वाचित भएका छन् । पदाधिकारीसहित कार्यसमिति सदस्यको कार्यकाल तीन वर्षको हुन्छ । महासंघको अध्यक्षमा पुन: चुनिएसँगै न्यौपानेले क्रसर व्यवसायका अधिकांश समस्या अघिल्ला तीन वर्षमा सरोकारवाला निकायलाई अवगत गराएको र अगामी तीन वर्ष त्यस्ता समस्या समाधान गर्न थप मिहिनेत गर्ने बताए । बर्दिबासको साधारणसभा तथा महाधिवेशनमा देशभरबाट करिब ७ सय ८० जना प्रतिनिधिको सहभागिता थियो ।

# १३ वर्षपछि नेपालले अफगानिस्तानलाई हरायो



काठमाडौं, १ मंसिर/ मैत्रीपूर्ण फुटबल खेलमा नेपालले अफगानिस्तानलाई २-० गोल अन्तरले हराएको हो । दुई मैत्रीपूर्ण खेलका लागि ताजिकिस्तानमा रहेको नेपाली फुटबल टोलीले दोस्रो खेलमा जित हासिल गरेको हो ।

नेपालले १३ वर्षपछि अफगानिस्तानलाई पराजित गरेको हो । पछिल्लो पटक सन् २०११ मा भएको एएफसी च्यालेन्ज कप छनोटमा नेपालले अफगानिस्तानलाई १-० ले हराएको थियो । दशरथ रंगशालमा भएको त्यस खेलमा भरत खवासले गोल गरेका थिए ।

डुसानवेस्थित सेन्ट्रल रिपब्लिकन स्टेडियममा भएको खेलमा नेपालका लागि जिलेस्पीजंग कार्की र रोहित चन्दले एक-एक गोल गरे । दुवै गोलरु दोस्रो हाफमा भएको थियो ।

जिलेस्पीले दोस्रो हाफको सुरुवातमै गोल गर्दै नेपाललाई अग्रता दिलाएका थिए । रोहितले ७८औं मिनेटमा गोल थपे । रोहितले नेपालका लागि करियरकै पहिलो गोल गरेका हुन् । उनले डेब्यू गरेको १५ वर्षपछि नेपालका लागि गोल गरेका हुन् ।

नेपालले पुरुष फुटबलमा एक वर्षपछि पहिलो जित हातपारेको हो । फिफा विश्वकप र एएफसी एसियन कप संयुक्त छनोट अन्तर्गत २०२३ अक्टोबरमा प्रारम्भिक चरणमा लाओस विरुद्ध अवे खेलमा जित हात पारे यता यो नेपालको पहिलो जित हो । लाओसलाई हराएपछि नेपाल ७ खेलमा जितविहिन थियो । विश्वकप छनोटको दोस्रो चरणमा ६ मध्ये ५ खेलमा पराजित नेपालले एक खेल बराबरी गरेको थियो ।

यसअघि नेपाल पहिलो मैत्रीपूर्ण खेलमा ताजिकिस्तानसँग ४-० ले पराजित भएको थियो । नेपला नोभेम्बरको फिफा विन्डोमा दुई मैत्रीपूर्ण खेलका लागि ताजिकिस्तान गएको थियो ।

# विवाहपञ्चमीमा जन्ती ल्याउन जनकपुरबाट अयोध्या पठाइयो निम्तो



जनकपुरधाम, १ मंसिर/ विवाह पञ्चमी महोत्सवलाई लिएर जनकपुरधामबाट विश्व हिन्दु परिषदका पदाधिकारीहरु तिलक र निमन्त्रणा पत्र लिएर भारतको अयोध्या गएका छन् ।

भगवान राम र सीताको विवाहलाई लिएर ५ सयको संख्यामा तिलक र अयोध्याबाट २१ मंसिरमा विवाह पञ्चमीका दिन आउने जन्तीका लागि आमन्त्रण पत्रसहित अयोध्याका लागि शनिबार प्रस्थान गरेका हुन् ।

तिलक लिएर जाने टोलीलाई मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बिदाइ गरे । मुख्यमन्त्री सिंह मंसिर २ गते वीरगञ्जमा यही टोलीमा सहभागी भएर त्यहाँबाट तिलकसहित अयोध्या जाने कार्यक्रम रहेको छ ।

तिलक लिएर जाने समूह २ गते नै अयोध्या पुग्ने र ३ गते तिलकसहित जानकी मन्दिरको पत्र विश्व हिन्दु परिषद्का महासचिव राजेन्द्र सिंह पंकजको अगुवाइमा चम्पत रायलाई हस्तान्तरण गरिने बताइएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सिंहले तिलक उत्सव भव्यताका साथ सम्पन्न हुनेमा विश्वस्त रहेको बताए । प्रत्येक पाँच वर्षमा अयोध्याबाट जन्ती आउने र त्यसका लागि मधेस प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए । त्रेतायुगदेखि कायम सम्बन्धलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । धार्मिक पर्यटकका लागि पनि यो महत्वपूर्ण बन्ने उनको भनाइ छ ।

त्यस्तै जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले नेपाल र भारतबीचको प्राचीन सम्बन्ध रहेको र यो सम्बन्ध कहिल्यै कमजोर हुनु नहुने बताए । विश्व हिन्दू परिषद् को सक्रियतामा विगत वर्ष झैं यस वर्ष पनि सामुहिक विवाहको कार्यक्रम राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना